शंखरापुर नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

**खण्ड : ५** **संख्या : ७** **मितिः २०७९/१०/०४**

## भाग- २

**स्वीकृत मितिः २०७९/०७/२३**

### शंखरापुर नगरपालिका

# फलफूल बिरुवा वितरण कार्यविधिः २०७९

**प्रस्तावना**

शंखरापुर नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम अनुसार शंखरापुर नगरवासी कृषकहरुको जीवनस्तरमा क्रमीक सुधार ल्याउन र स्वयं कृषकहरुलाई स्वप्रेरित गराई कृषि उपजमा आत्मनिर्भरताका लागि आर्थिक एवम् प्राविधिक सहायता हेतु फलफूल विरुवा वितरण कार्यक्रमलाई प्रभावकारी एवम् उपलब्धीमूलक रुपमा कार्यान्वयन गर्ने उद्देश्य राखि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ / यस नगरपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ वमोजिम शंखरापुर नगरपालिकाले यो कार्यविधि तयार गरिएको छ । कार्यपालिकाको वैठकवाट स्वीकृत भए पश्चात लागू हुनेछ । यस कार्यविधि कृषि तथा पशुपंक्षि एकिकृत ऐन बमोजिम लागु हुनेछ ।

**<u>प्रारम्भिक</u>**

१. **संक्षिप्त नाम प्रारम्भः**

क) कार्यविधिको नामः यस कार्यविधिको नाम फलफूल वितरण कार्यक्रम संचालन कार्यविधि २०७९ रहने छ।

ख) यो कार्यविधि शंखरापुर नगरपालिकाको कार्यपालिका बाट स्वीकृत भएपछि तत्काल लागु हुने छ।

## २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "प्रमुख" भन्नाले नगरकार्यपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ।

ख) "उप-प्रमुख" भन्नाले नगरकार्यपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्छ।

ग) "शाखा" भन्नाले शंखरापुर नगरपालिकाको आर्थिक विकास शाखा अन्तर्गतको कृषि विकास उप-शाखालाई सम्झनु पर्छ ।

घ) "कार्यपालिका" भन्नाले शंखरापुर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ

ङ) "वडा कार्यालय" भन्नाले शंखरापुरनगरपालिकाको वडा कार्यालयलाई सम्झनु पर्छ ।

च) "मूल्याङ्कन समिति" भन्नाले यस कार्यविधिको दफा ८ बमोजिम गठित मुल्याङ्कन समितिलाई सम्झनु पर्छ ।

छ) "समूह/सहकारी" भन्नाले शंखरापुर नगरपालिकामा दर्ता तथा नवीकरण भएका कृषि समूह तथा सहकारीलाइ सम्झनु पर्दछ ।

ज) "उद्यमी/व्यवसायी " भन्नाले करदाता सेवा कार्यालयमा व्यवसाय दर्ता तथा नवीकरण गरेका कृषि फार्म तथा व्यवसायिक कृषकलाई सम्झनु पर्दछ ।

झ) कार्यविधिः "कार्यविधि" भन्नाले फलफूल विरुवा वितरण कार्यविधिलाई सम्झनु पर्नेछ।

ञ) आवेदक भन्नाले फलफूल विरुवा वितरणमा अनुदान सहयोग लिन आवेदन दिएका कृषकहरुलाई सम्झनु पर्नेछ।

## ३. उदेश्यहरुः

क) व्यवसायिक रुपमा फलफूल खेती गरि शंखरापुर न.पा लाई फलफूलमा आत्मनिर्भर बनाउने।

ख) एक घर २० फलफूल विरुवा रोपण कार्यक्रम लागू गरिने।

ग) मुख्यतः टिम्मुर, कागती, सुन्तला, विमिरो, अम्वा, जुनार, ओखर, जापानी हलुवावेद र चिउरी लगायतका फलफूलका विरुवाहरु वितरण गरिने ।

## ४. कार्यक्रम संचालनका लागि कृषक छनोटका आधारहरुः

- क) फलफूल खेती गर्दै आएका कृषहरुलाई प्राथमिकता दिइनेछ।
- ख) फलफुल खेती गर्न ईच्छुक कृषकहरुलाई प्राथमिकता दिइनेछ ।
- ग) फलफूल फर्म दर्ता गरेका किसानलाई प्राथमिकता दिइनेछ।
- घ) एकल तथा आर्थिक स्थिति कमजोर भएका महिलालाई प्राथमिकता दिइनेछ।
- च) २० ओटा सम्म खाडल संख्या १ मि. लम्बाई १ मि. चौडाई र १ मि. गहिराई बनाइ फोटो खिचेर ल्याउने किसानलाई प्राथमिकता दिइनेछ।
- छ) समुहगत आउने कृषकहरुलाई विषेश प्राथमिकता दिइनेछ।

## ५. कार्यक्रम संचालनः

- क) यो कार्यक्रम शंखरापुर नगरपालिकाको कृषि विकास उप शाखा बाट संचालन हुनेछ।
- ख) छनोट भएका कृषकहरुलाई ५० % अनुदानमा हिउदे तथा वर्षे फलफूल विरुवा वितरण गरिने छ।
- ग) राष्ट्रिय फलफूल विकास केन्द्रमा श्रोत दर्ता भएका फर्महरुबाट हिउदे तथा वर्षे विभिन्न जातका फलफूलका विरुवाहरु खरिद गरि अनुदानमा वितरण गरिनेछ।
- घ) सो फर्महरुमा प्राप्त नभएका बिरुवाहरु कोटेशनका आधारमा विरुवाहरु खरिद गरिनेछ।
- ङ) कृषि तथा पशुपन्छी डायरीमा फलफूल विरुवाको दर रेट नभएको अवस्थामा नगर कार्यपालिकाको बोर्ड बैठकमा बजार दर भाउको आधारमा मूल्यसूची पेश गरी समितिबाट पास भएपछि सो मूल्यको आधारमा विरुवा खरिद गरी वितरण गरिनेछ।
- च) नगरस्तरिय कृषि विकास समितिबाट आएका प्रस्ताव/निवेदनहरुलाई समितिको बैठकबाट छनोट गरि निर्णय गरिनेछ।

## ६. प्रस्ताव माग :

- क) फलफूल विरुवा वितरणका लागि सहयोग पुर्याउन अनुदान दिने उद्धेश्यले यस न.पा ले ३० दिने म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरिनेछ।

ख) आवेदकले अनुसूची २ बमोजिम निवेदनको साथ देहाय बमोजिमका कागजातहरु पेश गर्नुपर्दछ।

ग) सम्बन्धित वडाको सिफारिस पत्र।

घ) जग्गाको लालपुर्जा (आफ्नो नभएमा मंजुरिनामा) को प्रमाणित प्रतिलिपि।

ङ) कृषकको नागरिकताको प्रमाणित प्रतिलिपि।

७. **प्रस्तावको वर्गिकरण र छनोटः**

नगरपालिकाले आफ्नो वार्षिक स्वीकृत कार्यक्रमअनुसार सो मा उल्लेखित (विनियोजित) बजेटबाट आंशिक अनुदान दिने गरी कार्यक्रम संचालन गरिनेछ।

| क.सं | छनोटका आधारहरु | अंकभार |
|---|---|---|
| १. | न.पा बाट हालसम्म कुनै अनुदान नलिएका कृषक | ५ |
| २. | अन्य रोजगारी नभएका कृषक | १० |
| ३. | कमजोर आर्थिक स्थिति भएका (गरिब परिवार पहिचान भएको) | १० |
| ४. | महिला कृषक | ५ |
| ५. | युवा कृषक(१८-४० वर्ष) र सकृय कृषक (२० ५० वर्ष) | १० |
| ६. | ५ रोपनी जग्गा सम्म खेति गर्ने योजना बनाई खाडल संख्या सँगको फोटो ल्याउने कृषक समूह | ३० |
| ७. | फलफुल फर्म दर्ता गरि फलफुल खेति गरेका | २० |
| ८. | फलफुल खेति सम्बन्धमा व्यवसायिक ज्ञान भएका | १० |
| **जम्मा** | | **१००** |

प्राप्त आवेदनहरुको लागि तोकिए बमोजिमको मूल्याङ्कन समितिले बढीमा १५ दिन भित्र मूल्याङ्कन गरि निर्णय गरिनेछ।

८. **मुल्याङ्कन समितिः**

(१) यस कार्यविधि बमोजिम फलफूल बिरुवा वितरणका लागि प्रस्ताव मुल्याङ्कन गर्नका लागि देहाय बमोजिमको एक मुल्याङ्कन समिति रहनेछ ।

नगर प्रमुख – संयोजक

प्रमुख प्रशासकीय अधिकृत — सदस्य

आर्थिक प्रशासन प्रमुख —सदस्य

कृषि विकास उप शाखा प्रमुख -सदस्य सचिव

९. **अनुगमन समिति** : फलफूल बिरुवा वितरण अनुदानको अनुगमन तथा निरीक्षण गर्नका लागि देहाय बमोजिमको एक अनुगमन समिति रहनेछ ।

नगर उपप्रमुख -संयोजक

प्रमुख प्रशासकीय अधिकृत - सदस्य

आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

कृषि विकास उप शाखा प्रमुख -सदस्य सचिव

१०. **बाधा अड्काउ फुकाउने अधिकारः-** यस कार्यविधिमा उल्लेखित कुनै प्रावधानमा द्धिविधा उत्पन्न भएमा वा कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले द्धिविधा हटाउन वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

११. **प्रचलित कानून बमोजिम हुनेः-** यस कार्यविधिमा उल्लेखित कुनै प्रावधान प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ । उल्लेखित नभएको कुनै प्रावधान प्रचलित प्रदेश तथा संघीय कानुन एवं मापदण्ड बमोजिम हुनेछ।

१२. **कार्यविधिमा संशोधनः-** शंखरापुर नगरकार्यपालिकाले यस कार्यविधिमा समयानुकुल संशोधन गर्न सक्नेछ ।

## अनुसूची-१

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

### शंखरापुर नगरपालिका, कृषि सेवा उप शाखाको प्रस्ताव आव्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०..../...../....

यस कृषि सेवा उप शाखाको आ.व २०..../...../.... को स्विकृत वार्षिक कार्यक्रम अनुसार .................. कार्यक्रमहरु संचालन गर्नका लागि शंखरापुर नगरपालिकामा रहेका व्यवसायिक कृषक/समुह/समिति/सहकारी/फर्महरु बाट प्रस्ताव आव्हानको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।इच्छुक उल्लेखित व्यवसायिक कृषक/समुह/समिति/सहकारी/फर्महरु ले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औ दिन (मिति २०..../...../....) को दिउसो १२:०० बजे भित्र तपशिलका उल्लेखित कार्यक्रमका लागि तोकिएको ढाँचा अनुसारको आवेदन फारम शंखरापुर नगरपालिका कृषि विकास उप शाखामा पेश गर्नुहुन जानकारी गराईन्छ।विस्तृत जानकारीका लागि कृषि विकास उप शाखा शंखरापुर नगरपालिका, साँखुमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।पुनश्च : रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनोटका लागि समावेश हुने छैन ।

**लागत साझेदारी तथा अनुदानमा संचालन गर्ने कार्यक्रमहरु**

| सि.नं. | कार्यक्रमहरु | संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |

**आवेदनका साथ संलग्न हुनुपर्ने कागजातहरुः**

१. रु १० को हुलाक टिकट टास गरेका आवेदन फारम — १ प्रति

२. आवेदकको नागरिकताको प्रतिलिपि — १ प्रति

३. समुह/समिति/सहकारी/फर्म दर्ता सम्बन्धि कागजातका प्रतिलिपिहरु — १ प्रति

४. समुह/समिति/सहकारी/फर्महरुको आवेदन पेश गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि — १ प्रति

५. समुह/समिति/सहकारी/फर्म संचालले सम्बन्धित विषयमा तालिम लिएको भए तालिम/अनुभव सम्बन्धी कागजातहरुको प्रतिलिपि — १ प्रति

६. सम्बन्धित वडा कार्यालको सिफारिस पत्र — १ प्रति

७. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि — १ प्रति

कृषि विकास उप शाखा
शंखरापुर नगरपालिका, साँखु, काठमाडौं

## अनुसूची-२

## (कार्यविधिको बुदाँ नं.३ (२) संग सम्बन्धित)

## फलफूल विरुवा मागका लागि कृषकले कार्यालयमा पेश गर्ने निवेदनको ढाँचा

मिति.............

श्रीमान प्रमुख प्रसाशकीय अधिकृतज्यू,
शंखरापुर नगरपालिका ।

**बिषयः** <u>फलफूल विरुवा अनुदानमा उपलब्ध गराई दिनु हुन ।</u>

महोदय,

मेरो/हाम्रो नाममा ......... कार्यालयमा दर्ता भएको दर्ता नं ..........को ............ कृषि फार्म/समूह/सहकारी हरुलाई तहाँ कार्यालयबाट अनुदानमा वितरित निम्म बमोजिमका विरुवाहरु उपलब्ध गराई दिनु हुन यो निवेदन पेश गरेको छु/छौ ।

**तपशिल**

| क्र.सं | फलफूल विरुवाहरुको विवरण | संख्या |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ... | | |

**निवेदकको विवरण**

१. कृषकको नाम, थर र ठेगाना
२. व्यवसाय/फार्म दर्ता नं. र मिति :
३. समूह/सहकारी को दर्ता नं. र मिति :
४. व्यवसाय/फार्म बाट हुने बार्षिक आम्दानी रु :
५. रोजगारीको संख्या

<u>संलग्न कागजातहरु</u>

| | |
|---|---|
| व्यवसाय दर्ता/नवीकरण प्रमाणपत्र | निवेदक |
| दर्ता नं.र करचुक्ता पत्र | नाम : |
| नेपाली नागरिकताको प्रतिलिपि | ठेगानाः |
| अनुभव र तालिमको प्रमाणपत्रको प्रतिलिपि | दस्तखतः |
| वडाको सिफारिस | सम्पर्क नः |
| समूहको निर्णय | संस्थाको छापः |

व्यवसायिक योजना (स्कीम)

जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि

अन्य आवश्यक कागजातहरु

**आज्ञाले,**
**बासुदेव खनाल**
**शंखरापुर नगरपालिकाको**
**प्रमुख प्रशासकीय अधिकृत**